
# लेखापरीक्षण प्रतिवेदन

## म्यगङ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## म्यगङ गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/343

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
म्यागङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
देउराली नुवाकोट।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. म्यागङ गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ८ करोड ३० लाख २५ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकासको रू. ३ करोड ४१ लाख ३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१३ लाख ५ हजार समेत गरी रू.११ करोड ८४ लाख ३३ हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्व १ करोड ९६ लाख ३७ हजारको लेखापरीक्षण गरिएकोमा रू२ करोड ४७ लाख ७४. हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु२७ लाख९३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ०, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८७. हजार, नियमित गर्नुपर्ने रु.२ करोड १८ लाख ९३हजार रहेको छ। गत वर्षसम्म रु.२ करोड ९३लाख ६६हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ११ लाख ८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने म्यागङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी म्यागङ गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ३३ | २,४७,७४,५१८ | ० | १६ | २७,९३,४७६ | ० | ६० | १७ | २,१९,८१,०४२ | ० | २,१८,९३,६४८ | ८७,३९३ | ० | ० | २,१९,८१,०४० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | २,९३,६६,००० | ० | २,३९,३१७ | २,९१,२६,६८३ | ० | २,१९,८१,०४२ | ५,११,०७,७२५ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४१ | स्वास्थ्य बिमा | १७,५०० |
| २ | २०८०/८१ | ३४ | संघीय स्रोतबाट बढी खर्चः | १,४९,७१५ |
| ३ | २०८०/८१ | ५९ | पदाधिकारी सुविधाः | २,६७,९४५ |
| ४ | २०८०/८१ | ४० | तालिम संचालन | ५२,१०० |
| ५ | २०७७/७८ | ४८।१ | रकम असुल | २२,४०० |
| ६ | २०७७/७८ | ५७ | भत्ता वितरण | ८७,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७७/७८ | २८ | दोहोरो रकम | ३३,३२७ |
| ८ | २०८०/८१ | २७ | धरौटी फिर्ता | २३,०६,२१६ |
| ९ | २०७९/८० | ५६ | उपभोक्ता समितिलाई बिल भन्दा बढी भुक्तानी | ९६,५९० |
| जम्मा | | | | ३०,३२,७९३ |

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३२९५०७३०० - म्यगङ गाउँपालिका, नुवाकोट )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल९७.८३ वर्ग किलोमिटर तथा १२५६६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१२ देखि २०८०।५।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१०१९६३६७१२।९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३४९३६।००. असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | आन्तरिक आय राजश्व शिर्षकमा घटी दाखिला रकम कारोबार संकेत न ४३८१२१८१ बाट मिति २०८१।५।१७ मा हिमालयन बैकं लिमिटेडमा दाखिला | ५५०० |
| २ | नपाउने बिमा प्रिमियम रकम कारोबार संकेत न ४३८१२१११५ बाट मिति २०८१।५।२७ मा राजश्व शिर्षक न १५१११ मा हिमालयन बैंक लिमिटेडमा दाखिला | ३५०० |
| ३ | राष्ट्रिय बाणिज्य बैकमा कारोवार संकेत न ६९७५१८५५ बाट मिति २०८१।६।२ मा मुल्य अभिवृद्धी कर बापतको दायित्व दाखिला | २५९३६ |
|  | जम्मा | ३४९३६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण सम्वन्धमा**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नानुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८३०२४८१०।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३४१०३०००.००, र स्वास्थ्य क्षेत्र विकास कार्यक्रम रु.१३०५०००.०० समेत गरी रु.११८४३२८१०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार म.ले.प.फा.नं २७० मा समावेश हुनुपर्दछ ।

२.३ **एकीकृत आयव्यय**- पालिकाले पेश गरेको एकीकृत आयव्यय निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गतवर्षको जिम्मेवारी | | ४०८३१६९९ | १ | चालु खर्च | | २१५५३७९२७ |
| | क) स्थानीयतह संचित कोष | २८९४६२०१ | | २ | पूँजीगत खर्च | | १२३७६४६५३ |
| | ख) धरौटी | ६२३६८५२ | | ३ | विषयगत निकाय खर्च (CGAS) | | ११८४३२८१० |
| | ग) विविध खर्च खाता | २१८२०५३ | | | (क)एकिकृत स्वास्थ्य पुर्वाधार विकास | ३४१०३००० | |
| | घ) प्रकोप व्यवस्थापन कोष | १५२३९८७ | | | (ख)स्वास्थ्य क्षेत्र सुधार | १३०५००० | |
| | ङ) आकस्मिक कोष | १९४२६०५ | | | (ग)सामाजिक सुरक्षा | ८३०२४८१० | |
| २ | राजस्व ( आन्तरिक आय) | | ७४८५९३८२ | | | | |
| | क) आन्तरिक राजस्व | ४००२८९८ | | ४ | अनुदान फिर्ता | | २३८१००३५ |
| | ख)संघीय रा.बाँडफाड | ५४७९५८५७ | | | (क)संघीय अनुदान | १२५०२०८० | |
| | ग)प्रदेश रा.बाँडफाँड | १५२७६६५० | | | (ख)प्रदेश अनुदान | ११३०७९५५ | |
| | घ)घरजग्गा रजिष्ट्रेशन | ७८३९७७ | | ५ | धरौटी फिर्ता | | ५०५२४०३ |
| ३ | वित्तीय हस्तान्तरण संघीय सरकार | | २४९१५१९१० | | कोष खर्च | | ९९०९८८८ |
| | क) वित्तीय समानीकरण अनुदान | ६५६५८००० | | ६ | विविध खर्च खाता | ७६२२८९६ | |
| | ख) सशर्त अनुदान | १७१७६३५२५ | | | प्रकोप व्यवस्थापन खाता | २२८६९९२ | |
| | ग) समपूरक अनुदान | २९०००००० | | ७ | **मौज्दात** | | ५५५६७४८१ |
| | घ) विशेष अनुदान | ८८३०३८५ | | | क) स्थानीयतह संचित कोष | ४३८८७८७९ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५४०४३००० | | ख) धरौटी | ५८१६८१७ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६०४५००० | | | ग) विविध खर्च खाता | २६५७२४९ | |
| | ख) सशर्त अनुदान | २५४९८००० | | | घ) प्रकोप व्यवस्थापन खाता | १२६२९३१ | |
| | ग) समपुरक अनुदान | १५०००००० | | | ङ) आकस्मिक कोष | १९४२६०५ | |
| | घ) विशेष अनुदान | ७५००००० | | | | | |
| ६ | विषयगत निकायबाट | | ११८४३२८१० | | | | |
| | क) एकिकृत स्वास्थ्य पुर्वाधार विकास का. | ३४१०३००० | | | | | |
| | ख) स्वास्थ्य क्षेत्र विकास कार्यक्रम | १३०५००० | | | | | |
| | ग) सामाजिक सुरक्षा | ८३०२४८१० | | | | | |
| ७ | धरौटी खाता | | ४६३२३६८ | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | अन्य कोषर्फको आय | | १०१२४०२८ | | | | |
| क) | क) विविध खर्च खाता | ८०९८०९२ | | | | | |
| ख) | ख) प्रकोप व्यवस्थापन कोष | २०२५९३६ | | | | | |
| | **जम्मा** | **५५२०७५११९७** | **५५२०७५११९७** | | **जम्मा** | **५५२०७५११९७** | **५५२०७५११९७** |

२.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.११८४३२८१०.०० र भुक्तानी रु.११८४३२८१०.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २८९४६२०२।५७ | ४०४६९६१८४।८९ | ३४९७०२१७६.०५ | ५५५४१४४४।४८ |
| एकीकृत आर्थिक विवरणअनुसार | २८९४६२०२।५७ | ५२३१२८९९४।८९ | ४६७५८७५५०।४१ | ५५५४१४४४।४८ |
| फरक | | ११८४३२८१० | ११८४३२८१० | |

२.५ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४३८८७८७८।५८ | ४३८८७८७८।५८ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | २६५७२४९ | २६५७२४९ | ० |
| प्रकोप व्यवस्थापन खाता | १२३६९९५।२४ | १२६२९३१।२४ | २५९३६ |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | | | |
| धरौटी | ५८१६८१६।६६ | ५८१६८१६।६६ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आकस्मिक कोष खाता | १९४२६०५ | १९४२६०५ | ० |
| बैङ्क | ५५५४१५४४.४८ | ५५५६७४८०.४८ | |
| **जम्मा** | | | २५९३६ |

प्रकोप व्यवस्थापन कोषमा दायित्व EFT गर्दा रिजेक्ट भएकोले फरक परेको जनाएको छ । उक्त रकम एकिकृत आय व्ययमा समावेश रहेको र कर्मचारी कल्याण कोष खाताको रकम विविध खर्च खातामा समावेश भएको छलफलको क्रममा जनाएको छ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

· आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) बमोजिम कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको देखिएन,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ दफा ८ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,

· कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको पूर्ण रुपमा लागू गरेको देखिएन,

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(२) बमोजिम खरिद सम्झौतामा उल्लेख भए बमोजिम निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने दायित्वको अवधि सम्मपन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्णण कार्य ड्रइङ डिजाइन स्पेशिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराइ कार्यसम्पन्न प्रतिबेदन तयार गराउनुपर्ने व्यवस्था भएकोमा गत विगत वर्ष सम्पन्न भएका निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त भएपनि तोकिएको प्राविधिकबाट कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन,

· वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश भएन,

· प्रदेश आर्थिक ऐन २०८० को दफा ९(१) बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा स्वीकृत खानी क्षेत्र बाहेको प्रतिघनफिट रु ९ कादरले शुल्क असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन। अतः पालिकाले आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्छ,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

### ४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

### ५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे पनि समयसिमाभित्र उपलब्ध गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### ६ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २१८७५००० | १७६०३०९० | ५.१९ |
| २ | सामाजिक विकास | २२५६४७००० | १९७६९९०४१ | ५८.२७ |
| ३ | पूर्वाधार विकास | १०००२०००० | ७७२३११७२ | २२.७६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७३००००० | ३५१४८२४ | १.०४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८३९३३९६९ | ४३२५४४५३ | १२.७५ |
| **जम्मा** | | **४३८७७५९६९** | **३३९३०२५८०** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.२७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.०४ प्रतिशत रहेको छ ।

## ७ त्रैमासिक पुजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने पालिकाले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | अषाढको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पुजीगत खर्च | १२३७६४६५३ | ८५०३७७२ | २४६७३९०५ | २८५५४४९३ | ६२०३२४८३ | ४६५७१२३८ |
| | **प्रतिशत** | | ६.८७ | १९.९४ | २३.०७ | ५०.१२ | ३७.६३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२३७६४६५३.०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८५०३७७२.०० (६.८७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२४६७३९०५.०० (१९.९४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २८५५४४९३.०० (२३.०७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६२०३२४८३.०० (५०.१२ प्रतिशत), खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४६५७१२३८.०० (३७.६३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत १७१ र पालिकास्तरका ४२ गरी कुल २१३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४२ | १० | १२ | २० |
| २. | वडास्तरीय | १७१ | २ | ५ | १६४ |
| जम्मा | | २१३ | १२ | १७ | १८४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६६ योजनामात्र कार्यान्वयन भई ४७ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ९ लक्ष्य प्रगती

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | २१३ | ४७ | १ | ५ | ० | १६० |

अतः लक्ष्य बमोजिम प्रगति हुनुपर्दछ ।

## १० सेवा प्रवाह

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २८६ |
| मृत्युदर्ता | १५३ |
| बसाईसराई दर्ता | २ |
| विवाह दर्ता | १७७ |
| सम्बन्धविच्छेद दर्ता | ५४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | - |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | - |
| ग्राभेल सडक मर्मत | ८ कि मि |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्ने र पुर्वाधार विकास तर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

### ११ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शुन्य र यो वर्ष थप भएको ८ गरी कुल ८ विवाद दर्ता भएकोमा ७ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

### १२ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, २४ कार्यविधि निर्देशिका ४ मापदण्ड २ नीति २ लगायत ४२ वटा कानुन निर्माण गरेको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

### १३ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी

व्यवस्थापन गर्नुपर्दछ । पाम्समा नयाँ प्रणाली अपडेट भएको र ज्ञानको कमिले सन्चालन गर्न नसक्दा जिन्सी निरिक्षण गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ। अतः जिन्सी निरिक्षण नभएमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ।

## १४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । २५ मध्ये २ वटा प्रदेशिय र २३ वटा पालिका अन्तरगत रहेकोमा ८ वटा निस्कृय र १७ वटा सक्रिय मध्ये १६ वटाले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा विवरण भरेका छैनन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## १५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

वागमती प्रदेश स्थानिय स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम दरबन्दी सृजना गरी दफा ७ बमोजिम पद सृजना भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गराई सोको जानकारी संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई दिनुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२२ दरबन्दी स्वीकृत रहेकोमा ७२ पदपुर्ती भई ५० पदहरु रिक्त रहेका छन् । पालिकाले पेश गरेको विवरण अनुसार दरबन्दी पदपुर्ती देहायअनुसार रहेको छ।

| | संघीय मामिलाबाट स्विकृत | स्वास्थ्य मन्त्रालय | जि बि स | घरेलु | पालिकाबाट स्विकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| दरबन्दी | ४० | ३० | १ | ० | ३७ | १४ | १२२ |
| पदपुर्ती | १३ | २७ | १ | ० | १७ | १४ | ७२ |
| रिक्त | २७ | ३ | ० | ० | २० | ० | ५० |
| कार्यरत | १३ | २७ | १ | ० | १७ | १४ | ७२ |
| दरबन्दी बेगर | ० | ० | ० | ० | ० | ० | ० |
| स्थायी | १३ | २७ | १ | ० | ० | ० | ४१ |
| करार | | | | | १७ | १४ | ३१ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी नगरसभाबाट दरवन्दी स्वीकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन।पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १६ करार कर्मचारी

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१८०४९५७।०० भुक्तानी गरेको पाइयो । ऐनको

व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।अतः स्थायी दरबन्दीमा स्थायी कर्मचारी पदपूर्ती हुनुपर्दछ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | ४९२७७९ |
| सव ईन्जिनियर | १ | ४३६७२६ |
| सहायक कम्प्युटर अपरेटर | २ | ८७५४५२ |
| **जम्मा** | **४** | **१८०४९५७** |

१७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ४००२८९८.११ राजस्व बाँडफाँड र अनुदानबाट रु.३७४०५१३९३.६० समेत रु.३७८०५४२९१.७४ आम्दानी भएकोमा चालु तर्फ रु.२१५५३७९२६.७७ र पूँजिगत तर्फ रु. १२३७६४६५३.३० समेत रु.३३९३०२५८०।१० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको १.७३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ५०१६०००.०० खर्च भएको छ जुन आन्तरिक आयको १२५.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.५२ प्रतिशत चालु र ३६.४८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **बार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२३७६४६५३.३० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई सो अनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ । पालिकाले आवधिक योजना २०७८।७९-२०८२।८३ बनाए पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना बमोजिम बजेट र कार्यक्रम तयार गर्नुपर्दछ ।

२० **गत बर्षको दायित्व**

२०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी चालु शिर्षकमा रु. ९६६०००.०० र पुजिगत शिर्षकमा रु.२६२००००.०० समेत जम्मा रु ३५८६००० भुक्तानी भएको देखियो ।

२०.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१५) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण भत्ता, घर भाडा, पोशाक, खाधन्न तथा स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको

सम्झौता बमोजिमको रकम मात्र भुक्तानी गर्न मिल्नेमा चालुतर्फ रु. ९६६०००.०० मध्ये इन्धन, सबारी मर्मत तथा विविध खर्च बापतको रु.४९८०००.०० समेत भुक्तानी गरेकाले नियमसम्मत नदेखिएको रु...

| अनियमित भएको | ४,९८,००० |
|---|---|

## २१ अन्य निकायलाई अनुदानः

पालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रीय निकायबाट प्राप्त निकासा पालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ।अन्य निकायलाइ तालुक निकायबाट बजेट बिनियोजन भएको र पालिकासंग रकम माग गर्दा सम्बन्धित निकायले तालुक कार्यालयबाट स्वीकृती लिएको हुनुपर्दछ। यस वर्ष पालिकाको क्षेत्राधिकार नरहेको निम्न निकायलाई आर्थिक सहयोग स्वरुप निकासा एवंम खर्च भुक्तानी गरेको रु.१२०००००.००नियमसम्मत नदेखिएको रु....

| सि नं | भौचर र मिति | भुक्तानी पाउने पदाधिकारी | प्रयोजन | भुक्तानी |
|---|---|---|---|---|
| १ | १५७-०८०।८।१९ | जिल्ला अदालत नुवाकोट | नया भवनको उदघाटनमा आर्थिक सहयोग | २००००० |
| २ | १४-०८०।६।२७ शिक्षा चालु | सामरी भन्ज्याङ क्याम्पस अनुदान | शिक्षण सहयोग | ३६२५१० |
| ३ | १५-०८०।६।२८ शिक्षा चालु | | शिक्षण सहयोग | १३७४९० |
| ४ | ६८-०८०।१२।८ शिक्षा चालु | | शिक्षण सहयोग | ५००००० |
| | **जम्मा** | | | **१२०००००** |

| अनियमित भएको | १२,००,००० |
|---|---|

## २२ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## २३ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी रु.४५८३५०९.०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट यस वर्ष बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन। अनुदान मागदाबीको सुचना प्रमाण नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ। अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शि रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. | कैफियत | क्षेत्र |
|---|---|---|---|---|---|
| १ | प्लेनप्लेन लालिगुरास तरकारी कृषक समुह | कृषि सामाग्री | १०००० | ५० प्रतिशत | कृषि |
| २ | देउराली बेशी समुह | कृषि सामाग्री | १०००० | ५० प्रतिशत | कृषि |
| ३ | ताम्सालिङ एकता महिला समुह | कृषि सामाग्री | १०००० | ५० प्रतिशत | कृषि |
| ४ | ताम्सालिङ एकता महिला समुह | बेकरी बनाउने सामाग्री | ३००००० | ८० प्रतिशत | कृषि |
| ५ | क्यौरानी कृषक समुह | कृषि सामाग्री | १५०००० | ५० प्रतिशत | कृषि |
| ६ | सामरी कृषि तथा पशुपन्छी फर्म | कृषि सामाग्री | १२०००० | ५० प्रतिशत | कृषि |
| ७ | रैथानेबाली प्रवर्द्धन कार्यक्रम | कृषिबाली विउ वितरण | २५०००० | १०० प्रतिशत | कृषि |
| ८ | तरकारी बाली पकेट विकास कार्यक्रम | कृषि सामाग्री | ४८८९७० | ५० प्रतिशत | कृषि |
| १० | फलफुल सुन्तला पकेट प्रबर्द्धन कार्यक्रम | सिचाई सामाग्री | ४९९९९८ | ५० प्रतिशत | कृषि |
| ११ | तरकारी विकासा कार्यक्रम | कृषि सामाग्री | ९९९९९७ | ५० प्रतिशत | कृषि |
| १२ | विविध कृषि कार्यक्रम | कृषि सामाग्री | ४५४३०० | ५० प्रतिशत | कृषि |
| १३ | बाख्रा प्रबर्द्धन कार्यक्रम | पशु तथा सामाग्री वितरण | ९७४९४९ | ५० प्रतिशत | पशु |
| १४ | पशु विमा कार्यक्रम | पशुपालक किसान | ४५२९५ | ५० प्रतिशत | पशु |
| | **जम्मा** | | **४५८३५०९** | | |

२४ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को बुदा ४(ग) मा निवेदन बमोजिम अधिकतम भन्दा बढी कार्यपालिका निर्णयले, निवेदन बमोजिम अधिकतम रु.३० हजार गाउँपालिका अध्यक्षले आर्थिक सहायता र सो भन्दा बढी कार्यपालिका निर्णयले आमाबुवा विहिन बालवालिका एक आर्थिक वर्षमा एक पटक जिवन निर्वाहका लागि गाउँपालिका अध्यक्षले रु ३० हजार तथा विपद प्रभावितलाई रु ३० हजार आर्थिक सहायता दिन सक्ने व्यवस्था छ । पालिकाले मापदण्ड र कार्यविधि तर्जुमा गर्दा तोक आदेश भन्दा निश्चित प्रकृया पुरा गरी पेश गरेको प्रमाण कागजात बमोजिम भुक्तानी गर्न मिल्ने गरी तयार गर्नुपर्दछ । पालिकाले यस वर्ष एक मान बहादुर स्मृति प्रतिष्ठानलाई र २२ व्यक्तिहरुलाई रु.७३९९००.०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४००२८९८।११ को १८.४८ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्दा आन्तरिक आय समेतलाई ध्यान दिनुपर्दछ ।

२५ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८.४२ देखि ७३.२५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा

उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Nakur Danda Barsunchet Lunditar Khaniyabas Jodne sadak Starunnati | MRM/NCB/W/2080/81/01 | UichenConstruction,Myagang-2,Nuwakot | ५८२६२६९ | ३५७९१९३ | ३८.५६ |
| २ | Gaupalika Bhawan ko bhitri Saman Kharid Tatha Compound Wall Nirman | MRM/NCB/W/2080/81/02 | Karmasang Nirman Sewa,Bidur-8,Nuwakot | ८०८८७७३ | ४२५३०३८ | ४७.४२ |
| ३ | Chontekka Pipal danda Tune kami Kuna Hudai Chiuribhangyang Jodne sadak | MRM/NCB/W/2080/81/03 | Uichen-United JV,Myagang-2 | १९९९९६५८ | ८८५८२५३ | ५५.७० |
| ४ | Chogang Bhrangar Kunagaun Kirsi sadak | MRM/NCB/W/2080/81/04 | Kismat Construction,Bidur-7,Nuwakot | १०३०२६७० | ४४७०७१९ | ५६.६० |
| ५ | Jharlang Baikunthe Kaprebas Motar Bato Nirman | MRM/NCB/W/2080/81/05 | Uichen-United JV,Myagang-2 | १९९९३३४० | ९५८७१०३ | ५२.०६ |
| ६ | Tudi Park Samrachana Nirman | MRM/NCB/W/2080/81/06 | D.R Construction Bidir-4,Nuwakot | ५०६७९०८ | ३४८५०८ | ३१.२४ |
| ७ | Supply and delivery of Agricultural Items | MRM/SQ/Goods/2080/81/7 | Nepal Thopa Sinchai Pvt.Ltd | १८२०५५० | १३६९७९६ | २४.७५ |
| ८ | Supply and delivery of mini tiller | MRM/SQ/Goods/2080/81/8 | Jaya ajima Agro and Power Tools Business | ९९०००० | ८८२६५६ | १०.८३ |
| ९ | Supply and delivery of Medicine and Surgical Goods | MRM/SQ/Goods/2080/81/9 | Gosaikunda Medicine Suppliers Pvt.ltd. | ३१६३७५२ | ८४६०४५ | ७३.२५ |
| १० | Myagang Yuwa Club Bhawan Ma Karmachari awas Nirman | MRM/NCB/W/2080/81/10 | C.W.Construction,Bidur-7 Nuwakot | १९९९८४८ | १७३४०६३ | १३.२९ |
| ११ | Thap Samari Swasthya Chawki Ra Khop Kendra Bhawan Nirman | MRM/NCB/W/2080/81/11 | Tamang Nirman Sewa,Myagang-2,Nuwakot | ८५८८४४२ | ७८६५०४५ | ८.४२ |
| १२ | Ek Ghar Ek Dhara Nirman Yojana | MRM/NCB/W/2080/81/13 | Palvish Construction and Suppliers ,Tripurasundari-2,Dhading1250000 | ९९७५४४८ | ६३४९४०१ | ३६.३४ |

२६ **ठेक्का अभिलेखः**

-सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक नगरेको कारण गत विगत वर्ष सम्पन्न हुन नसकि अधुरा रहेका योजनाको विवरण समेत अद्यावधिक हुन सक्दैन। अतः ठेक्का अभिलेख अद्यावधिक गरि पेश गर्नुपर्दछ।

२७ **धरौटी फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,८८८,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४१८,०८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२८ **नगदी रसिद जलेको मुचुल्काः**

कार्यालयमा आगलागि चोरि तथा प्राकृतिक प्रकोपले स्रेस्ता कागजात नष्ट भएमा सोको प्रहरी र स्थानिय जनप्रतिनिधिको रोहबरमा मुचुल्का उठाउनु पर्दछ । पालिकाले वडा नं. २ मा आगलागि हुदा नष्ट भएको आम्दानी रसिद १ देखि ५० सम्मको १ प्याड र मालपोत रसिद १ देखि ५० सम्मको १ प्याड नष्ट भई रसिद प्रयोग नभएको जनप्रतिनिधिको रोहबरमा मुचुल्का भएपनि प्रहरी रोहबरमा गरेको देखिएन । अतः प्रहरीको रोहबरमा मुचुल्का प्रमाणित हुनुपर्दछ ।

२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३१४९१९१० | ४००२८९८.११ | १.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३८०००००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु.४००२८९८।११ अर्थात अनुमान भन्दा ५.३४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३१ **राजश्व दाखिलाः**

बैंक दाखिला तथा स्रेस्ता अनुसार राजस्व आम्दानी भिडान हुनुपर्दछ। पालिकामा शुत्र अनुसार रु.४०२१८४५।१६ आम्दानी भएको देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु ४००२८९८।११ मात्र राजश्व आम्दानी भएको देखिन आएकोले नपुग रकम रु.१८९४७।०५ सम्बन्धमा कार्यालयले आम्दानी रकम दाखिला भईसकेको तर प्रणालीको समस्याले गर्दा दाखिला हुन बाँकीमा देखिएकोले एकिन गरी हिसाव मिलान गरी प्रमाण पेश गर्ने जनाएको छ ।अतः हिसाव मिलान गरेको प्रमाण पेश गर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९४७.०५ |

३२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.स. | राजस्व शिर्षक | प्रक्षेपण | सकलन | प्रतिशत |
|---|---|---|---|---|
| १ | मालपोत/भूमिकर | ८००,०००/- | ६२४२२३।५५ | ७८।०३ |
| २ | व्यवसाय कर | ३५०००० | ४५४५० | १२।९८ |
| ३ | घरजग्गा बहाल कर | ५०००० | ४७१६१३।६१ | ९४३।२३ |
| ४ | जडिबुटी, कवाडी कर, जिबजन्तु कर /बहाल बिटौरी कर | ५०००० | | |
| ५ | घर, जग्गा नक्सा पास | ५,००,०००/- | १७७२८ | ३।५५ |
| ६ | सिफारिस दस्तुर | १०००००० | १०२४७५५ | १०२।४७ |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १६६५०० | ३३।३३ |
| ८ | अन्य दस्तुर | ५५०००० | ८८९९० | |
| ९ | प्रक्षेपक्ष नगरिएका शिर्षकहरु<br>सम्पत्ती कर | - | २१९६५।५० | |
| १० | घरजग्गा रजिष्ट्रेशन शुल्क | - | ३३०० | |
| ११ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | | ६२४५ | |
| १२ | अन्य कर | | २८९२८० | |
| १३ | विधुत सेवा शुल्क | | १२०० | |
| १४ | अन्य सेवा शुल्क तथा बिक्री | | १३००० | |
| १५ | परीक्षा शुल्क | | ३१८५०- | |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | | २२७९०० | |
| १७ | नाता प्रमाणित दस्तुर | | २४३०० | |
| १८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | २१२९५० | |
| १९ | विधुत सम्बन्धी दस्तुर | | ५५० | |
| २० | अन्य क्षेत्रको आय | | ५०० | |
| २१ | अन्य राजस्व | | ५०९७३९ ।५ | |
| २२ | बेरुजु | - | २१४५५८ | |
| | **जम्मा** | ३८००००० | ४००२८९८।११ | १०५।३४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

३३ **घटी कर बिजक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा बिल भर्पाइ सहित खर्च पुस्ट्याइ गर्ने कागजात राख्नुपर्ने व्यवस्था छ ।यस वर्ष देहायको खरिद सम्झौता निर्माण व्यवसायीबाट भुक्तानी दिएको रकमको बराबर कर बिजक जारी गरेको देखिएन । प्रोभिजनल सम आइटमको रकम छुट्टै बिल भएपनि निर्माण व्यवसायीको कर बिजकमा समाबेश नगरेकोलेरु.२०५१७५६.०० कर बिजक घटी भएको पाइयो । अतः प्रोभिजनल समको रकम समेत व्यवसायीको बिलमा समाबेश गरि बिजक जारी गर्नुपर्दछ ।

| गो न मिति | ठेक्का न | निर्माण व्यवसायी | बिजक न | भुक्तानी रकम | कर बिजक रकम | फरक रकम |
|---|---|---|---|---|---|---|
| ९८।०८०।११।९ | MRM/NCBW-080/81-03 | उइचेन।युनाइटेड जे भि | ००१।०८९।११।९ | ४३४२६०९ | ४०२४२३० | ३१८३७९ |
| १५३।२०८१।१।३१ | | उइचेन।युनाइटेड जे भि | ००३।८१।१।२१ | ३६५६७६३ | ३३४६७६३ | ३१०००० |
| १२६।८०।१२।१८ | MRM/NCBW-080/81-05 | उइचेन।युनाइटेड जे भि | ००२।२०८०।१२।१८ | ४२९९८६२ | ३९९९८६२ | ३००००० |
| १५६ | | उइचेन।युनाइटेड जे भि | ००४।८०।१२।१८ | २२२२४०९ | १९१२४०९ | ३१०००० |
| १९१।२०८१।३।१४ | | उइचेन।युनाइटेड जे भि | ००५।२०८१।३।१३ | २५७६१२८ | २५५६१२८ | २०००० |
| १२५।२०८०।१२।१८ | MRM/NCBW-080/81-04 | किस्मत कन्सट्रक्सन एण्ड सर्भिसेज प्रा ली | ००५।२०८०।१२।५ | २८६६०९१ | २६२९१६७ | २३६९२४ |
| २९।२०८०।१०।२९ | MRM/NCBW-080/81-01 | उइचेन।युनाइटेड जे भि | ००२।८०।१०।१५ | ३५२३३४७ | ३४८६७७७ | ३६५७० |
| १४०।२०८१।१।१० | MRM/NCBTudi-080/81-16 | डि आर कन्सट्रक्सन | ००६।२०८०।१२।५ | ३१०२५७७ | २६०२५७८ | ४९९९९९ |
| २३२।२०८१।३।१९ | MRM/SQ/W/ican-080/81-03 | सि डब्लु कन्सट्रक्सन | | १६९५४७९ | १६७५५९५ | १९८८४ |
| जम्मा | | | | २८२८५२६७ | २६२३३५११ | २०५१७५६ |

३४ **संघीय स्रोतबाट बढी खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४९,७१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३५ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता |
|---|---|
| आ व २०८०।८१ | |
| एक घर एक खानेपानी संरचना निर्माण | साउण्डनेश इन्जिनियरिङ्ग कन्सल्टे प्रा.लि. |
| थप सामरी स्वास्थ्य चौकी भवन | लियोनार्दो इन्जिनियरिङ्ग कन्सल्टेन्सी लि. |
| देउराली हस्पिटल साप्चेत सडक | पावरप्वाइन्ट इन्जिनियरिङ्ग कन्सल्टे प्रा.लि. |
| सामरी पोखरी मौबल-फलाटे सडक | रियल इम्प्याक्ट डिजाइन सोलु इन्जिनियरिङ कन्सल्टेन्सी |
| आ व २०७९।८० | |
| मगङ गाउँपालिका कार्यालय भवनको आन्तरिक परिष्करण र बाह्य स्थल विकासको DPR | आईफिड प्लेपल प्रा.लि. |
| म्यागाङ-३ मा रहेको मगङ युवा क्लब हाउसको DPR | माता अन्नपूर्ण निर्माण तथा आपूर्तिकर्ता |
| म्यागाङ-५ सिमल सौरा स्वास्थ्य चौकीको DPR | लियोनार्डो इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. |
| जम्मा | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस वर्षको अध्ययन प्रतिवेदन मध्ये २ ओटा आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। एक वटा प्रतिवेदन पाम्समा समेत प्रविष्ट भएको नदेखिएकोले पाम्समा दाखिला गर्नुपर्दछ। साथै ३ आर्थिक वर्षको परामर्श तथा डिपिआर खर्च विवरण माग गरेकोमा विवरण प्राप्त भएन । आर्थिक वर्ष २०७९।८० को महालेखापरीक्षकको प्रतिवेदनलाई आधार लिई उल्लेख गरिएको छ । अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी पाम्समा दाखिला गर्ने र विवरण अध्यावधिक गरी राख्नुपर्दछ ।

३६ **कार्यस्वीकार प्रतिवेदन नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्मपन्न गरेको निर्माण कार्य स्वीकार गर्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका निर्माण कार्य सम्पन्न भएकोमा कार्यस्वीकार प्रतिवेदन तयार नगरेकोमा सो को कारण स्पष्ट खुल्न आएन । कार्यस्वीकार प्रतिवेदन तयार नभएका केहि उदाहरण देहायअनुसार छन।

| ठेक्का न | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता अकं | प्राविधिक मुल्यांकन | कार्यसम्पन्न मिति |
|---|---|---|---|---|---|
| MRM/MCB/W/2080/81/05 | झारलाङ बैकुण्ठे काभ्रेवास मोटरबाटो | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | ९५८७१०३ | ९०९८४०० | २०८१।२।१४ |
| MRM/MCB/W/ 2080/81/03 | सोनठेक्का पिपलडाडा टुनी कामिकुना हुदै चिउरी भंज्याङ जोडने सडक स्तरोउन्नती | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | ८८५८२५३ | ७९९९३७२ | २०८१।१।१८ |
| MRM/NCBW-080/81-04 | छोगङ-भ्रङगर-कुनागाँउ कृषि सडक स्तरोन्नती | किस्मत कन्सट्रक्सन एण्ड सर्भिसेज प्रा ली | ४४७०७१९ | ४१७६२०६ | २०८०।११।४ |
| MRM/NCBW-080/81-01 | नकुरडाडा बरसुनचेत लुण्डीटार खन्याबास जोडने सडक | उइचेन।युनाइटेड जे भि | ३५७९१९३ | ३५२३३४६ | २०८०।१०।१५ |
| MRM/NCBTudi-080/81-16 | टुडीपार्क संरचना निर्माण | डि आर कन्सट्रक्सन | ३२१०२९२ | ३१०२५७७ | २०८०।११।१४ |
| MRM/NCB-W-080/81-11 | थप सामग्री स्वास्थ चौकी र खोप केन्द्र भवन निर्माण | तामाङ निर्माण सेवा | ७८६५०४५ | ७६६७३०३ | २०८१।३।१५ |
| MRM/SQ-W-Ican/080/81-10 | म्यागम युवा क्लव भवनमा कर्मचारी आवास भवन | सि डब्लु कन्स्ट्रक्सन प्रा लि | १७३४०६३ | १६७५५९५ | २०८१।२।२९ |
| | जम्मा | | ३९३०४६६८ | ३७२४२७९९ | |

अतः निर्माण सम्पन्न भएका कार्य सामान्य प्रयोग र सन्चालनमा आएको अवस्थामा कार्यस्वीकार प्रतिवेदन तयार गरि पेश गर्नुपर्दछ ।

३७ **बि ओ क्युः**

सार्वजनिक लेखा समितिको निर्णय बमोजिम खरिद सम्झौताको बिल अफ क्वान्टिटीमा निमार्णसंग असम्बन्धित आइटम समावेश गरि भुक्तानी गरी भुक्तानी गर्न नमिल्ने उल्लेख छ।यसवर्ष पालिकाले देहायका खरिद सम्झौतामा बिओक्युमा सवारी साधन र ल्यापटप समावेश गरी ठेक्का व्यवस्थापन गरि रकम भुक्तानी गरेको हुँदा बढी व्ययभार परेकोले अनियमित देखिएको रु.-

| **भौ न मिति** | **ठेक्का न** | **निर्माण व्यवसायी** | **विवरण** | **परिमाण** | **मुल्य** | **बिल संख्या** |
|---|---|---|---|---|---|---|
| १२६।२०८०।१२।१८ | MRM/MCB/W/2080/81/05 | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | ल्यापटप खरिद | १ थान | २५०००० | प्रथम |
| १५६।२०८०।२।१३ | 80/81/05 | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | मोटरुसाइकल र एक्सेसरिज समेत | १ थान | ३०९९०० | दोस्रो |
| ९८।८०।११।९ | MRM/NCB/W/80/81/03 | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | ल्यापटप खरिद | १ थान | २५०००० | प्रथम |
| १५३।८१।१।३१ | 80/81/3 | उइचेन।युनाइटेड जे भि म्यगङ २ नुवाकोट | मोटरसाइकल र एक्सेसरिज समेत अटो इन्टरप्राइजेज | १ थान | ३१०००० | अन्तीम |
| १२५।२०८०।१२।१८ | 80/81/004 | किस्मत कन्सट्रक्सन एण्ड सर्भिसेज प्रा ली | ड्रोन क्यामेरा | १ थान | २२०००० | अन्तीम |
| जम्मा | | | | | १३३९९०० | |

| अनियमित भएको | १३,३९,९०० |
|---|---|

३८ **कम्पाउन्ड वाल भत्केकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ क बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएका सार्वजनिक निकायले सो को यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था छ। सोही नियमको उपनियम २ बमोजिम पदाधिकारी र कर्मचारीबाट जाँच गराई कार्य सम्पन्न प्रतिवेदन समेत दिन सक्ने व्यवस्था छ। प्रशासकीय भवनको कम्पाउन्डमा गत वर्ष निर्माण व्यवसायी मार्फत बोलपत्र र सोझै कोटेशनबाट कार्य गराई भुक्तानी भएकोमा कम्पाउण्ड वालको केहि भाग भत्किएको र सो स्थानमा यस वर्ष ठेक्का सहित बाँकी कम्पाउन्ड वाल निर्माण गर्न निर्माण व्यवसायी कर्मासिङ्ग निर्माण सेवालाई रु ४८३६०४१।४४ भुक्तानी भएको देखियो। पालिकाले भत्केको कम्पाउन्ड वालको मुचुल्का तयार गरेको देखिएन । दुईवटा ठेक्का र एकवटा कोटेशनको कुल कार्य सम्पन्न परिमाण र कम्पाउन्ड वालको हाल भएको कुल परिमाण यकिन गरी फरक परेको परिमाण बराबर हुन आउने रकम सम्बन्धित प्राविधिकबाट जाँच गराई क्षति यकिन गरी त्रुटी सच्याउने अवधि भित्र कम्पाउण्ड वाल भत्केको भए निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

३९ **अस्पताल भवन निर्माण**

३९.१ **बिमाको म्याद घटीः** खरिद सम्झौता साधारण सम्झौता शर्त (GCC)१९.१बमोजिमको बिमा खरिद सम्झौताको त्रुटी सच्याउने अवधि सम्म कभर हुने गरि मान्य अवधि भएको बिमा गराउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले सम्झौता रकमको ११५ प्रतिशतले हुने रु १४५८७२९४५।६५ र तेस्रो पक्ष बिमा रु.२००००००.०० को मिति २०८१।९।१४ सम्म सामुहिक दुर्घटना बिमा रु.३८५००००००.०० मिति २०७९।९।१५ सम्म गरेकोले अवधि नपुग भएको हुदा सामुहिक दुर्घटना बिमा खरिद सम्झौताको म्याद थप अवधिसम्म र सम्झौता रकमको त्रुटी सच्याउने अवधि सम्म बिमा गरेको प्रमाण पेश गर्नु पर्दछ ।

३९.२ **स्रोत सुनिश्चितताः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(५) मा सार्वजनिक निकायले बहुवर्षिय सम्झौता वमोजिम गरिने खरिद कारवाही गर्दा आवश्यक पर्ने वजेट सुनिश्चितता गरेर मात्र खरिदको कारवाही गर्नुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा १५ शैयाको भवन निर्माण गर्न संघीय सरकार हस्तान्तरीत कार्यक्रम (एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम) बाट खरिद सम्झौता भएकोमा अर्थमन्त्रालयबाट स्रोत सुनिश्चितता गरेको पत्र लेखापरिक्षणमा पेश भएन । स्रोत सुनिश्चितता गरेको प्रमाण पेश नभएकोले निर्माण कार्यका लागि बजेट प्राप्त हुने आधार देखिन ।अत स्रोत सुनिश्चित नगरी ठेक्का पट्टा व्यवस्थापन गरेकोले निर्माण कार्य सम्पन्न हुन कठिनाई हुने एवं वढी समय लाग्ने हुँदा बजेट व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३९.३ **अवधि थपः** सम्झौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा स्रोत सुनिश्चित नभएको बजेट विनियोजन नभएको बाढि पहिरो डि पि आर स्वीकृत नभएको आदि कारण जनाइ सम्झौता मितिले २ वर्षभित्र २०८०।८।२८ अर्थात २ वर्षभित्र कार्यसम्पन्न गर्नुपर्नेमा २०८१।३।३२ सम्म भौतिक प्रगति ७४.४८ र वित्तिय प्रगति ७३.४० प्रतिशत देखिन्छ ।खरिद सम्झौताको म्याद २०८१।९।२९ सम्म थप गरेकोमा निर्माण व्यवसायीको निवेदन दर्ता भएको देखिदैन । जसले गर्दा निवेदनको वैधानिकता समेत देखिदैन।ठेक्काको सुरु सम्झौताभन्दा २९.१७ प्रतिशत अवधि थप हुदा समेत भौतिक प्रगति न्युन नै देखिन्छ ।बजेटको स्रोत सुनिश्चित नभएको, बजेट विनियोजन नभएको र डि पि आर स्वीकृत बेगर ठेक्का व्यवस्थापन गरेकोले निर्माण कार्यमा ढिलाइ भएको देखिन्छ ।आर्थिक वर्ष २०८१।८२ सम्म समेत बजेट विनियोजन गरेको देखिदैन ।अतः समयमै निर्माण सम्पन्न गर्न स्रोत सुनिश्चित गरी बजेट बिनियोजन गर्नुपर्दछ ।

४० **तालिम संचालन**

३४५-०८१।१।२३ लक्षित वर्गलाई हाते बुनाई कार्यक्रम अन्तरगत १५ दिनको तालिम दुई चरमा गरी ३० दिन संचालन गरेकोमा ३४ जना महिलाहरुको सहभागिता तालिम प्रतिवेदनमा उल्लेख छ । उक्त तालिम संचालन गरी सविता तामाङलाई रु.२७९३२७।०० भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन।

४०.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२२,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१ **स्वास्थ्य बिमा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **ब्यक्तिलाई भुक्तानीः**

महालेखा नियन्त्रक कार्यालयको प.सं. २०७९/८० च.नं.०१ मिति २०७९।४।२ को आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी निर्देशिकाको खण्ड (ङ) मा वित्तीय पारदर्शिता जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था रहेको र नियम ३ बमोजिम नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, सेवा प्रदायक, परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा सम्बन्धीतको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउने उल्लेख रहेको छ । वडा कार्यालयले सानातिना मर्मत तथा खरिद लगायतका कार्य गरेकोमा उक्त कार्यको भुक्तानी सम्वन्धित फर्मलाई गर्नुपर्नेमा वडा अध्यक्षले आफै भुक्तानी लिएको छ । खरिद कार्यको भुक्तानी सम्वन्धित फर्मलाई नगरी पदाधिकारीलाई गरेकोमा निजले उक्त फर्मको बैंक खातामा दाखिला वा बुझाएको भरपाई समेत पेश गरेको छैन । यसरी भुक्तानी गरेको रकम सम्वन्धितले पाएको हो होइन एकिन हुने अवस्था नदेखिएकोले सम्वन्धितको बैंक खातामा भुक्तानी गर्नुपर्दछ । केही उदाहरण निम्नानुसार छन।

| भौचर नं | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ८७-०८०।६।३० | सवारी मर्मत र मसलन्द | वडा नं १ को वडा अध्यक्ष | ४९४०० |
| ९२-०८०।६।३० | सवारी मर्मत, अतिथि सत्कार | वडा नं ६ को वडा अध्यक्ष | ५१७१० |
| ९५-०८०।६।३० | सवारी मर्मत तथा अतिथि सत्कार | वडा नं ५ को वडा अध्यक्ष | ६५००० |
| १७८-०८०।९।७ | सवारी मर्मत तथा अतिथि सत्कार | वडा नं २ को वडा अध्यक्ष | १५४५० |
| १७९-०८०।९।७ | सवारी मर्मत | वडा नं ६ को वडा अध्यक्ष | २८८३७ |

४३ **अतिथि सत्कारः**

स्थानिय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ ( संशोधन समेत) बमोजिम अनुसुची १ क मा उल्लेख भए बमोजिम सेवासुविधा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले ऐनमा उल्लेख भए बमोजिमको सुविधा मासिक भुक्तानी भएको वाहेक म्यागङ गाउँपालिकाको सार्वजनिक खर्च मापदण्ड सम्बन्धी मापदण्ड, २०७९ को बुदा ५(५) बमोजिम वडा अध्यक्षलाई अतिथि सत्कार खर्च मासिक रु.५०००।०० का दरले भुक्तानी गरेको छ । स्थानिय तहको पदाधिकारीको सुविधाको अतिरिक्त पालिकाले कानुन बनाई बिल बिजकका आधारमा अतिथि खर्च भुक्तानी गरेकोले अनियमित देखिएको रु.-

| सि नं | भौचर र मिति | भुक्तानी पाउने पदाधिकारीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३७३-०८१।२।२५ | गाउँपालिका अध्यक्षलाई अतिथि सत्कार | ४३३३० |
| २ | ८७ , ३६६, ४४६ | वडा नं. १ को वडा अध्यक्ष श्री जिमा तामाङ | ५०४३५ |
| ३ | ६९, १७८, २५७, ३३१, ४५८ | वडा नं. २ को वडा अध्यक्ष श्री सन्द विर तामाङ | ५४९३८ |
| ४ | ७०, १९४, २६०, ३१३, ४४६ | वडा नं. ३ को वडा अध्यक्ष श्री हरी बहादुर तामाङ | ६०००० |
| ५ | ७३, ४४६ | वडा नं. ४ को अध्क्षय श्री कमल बहादुर तामाङ | ४०२६० |
| ६ | ९५, ३१९, ४५८ | वडा नं. ५ को वडा अध्यक्ष श्री जित बहादुर तामाङ | ६०००० |
| ७ | ९२, ३५४ र ४५८ | वडा नं. ६ का वडा श्री अध्यक्ष हरि कुमार तामाङ | ६०००० |
| | **जम्मा** | | **३६८९६३** |

| | |
|---|---|
| अनियमित भएको | ३,६८,९६३ |

४४ **प्रयोजन बेगरको विविध (खाजा खर्च) :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा बिल भरपाई, खर्च पुष्टिहुने प्रमाण कागजात सहित लेखा राख्नुपर्दछ । पालिकाले देहायका होटेलालाँई खाजा तथा विविध खर्च रु.८६१७३५।०० भुक्तानी गरेकोमा प्रयोजन नखुलाई विल भरपाईको आधारमा भुक्तानी गरेको छ । खर्चको प्रयोजन नखुलाई भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| भौ.नं. | मिति | शिर्षक | भुक्तानी प्राप्त गर्ने संस्था | रकम |
|---|---|---|---|---|
| १ | ५६-०८०/०७/२३ | पुजीगत | नमस्ते कम्प्युटर सेन्टर | १९,५००/- |
| २ | ३३-०८०/०५/३१ | चालु | नवकोट डेभलपमेन्ट एण्ड ईन्भेष्टमेन्ट प्रा.लि. | ९१,४१४/- |
| ३ | ५३-०८०।६।२५ | चालु | डि.एल.होटल एण्ड खाजा घर | १६८०५६ |
| ४ | ६७-२०८०/०६/२९ | चालु | सुखद पाहुना घर/ नवकोट डेभलपमेन्ट एण्ड ईन्भेष्टमेन्ट प्रा.लि. | १,९८,३१५/- |
| ६ | १५०-२०८०/०८/१० | चालु | कमान लामा (अतिति सत्कार पदाधिकारी) | ७३,६००/- |
| ८ | २०९-०८०/०९/१८ | चालु | नवकोट डेभलपमेन्ट एण्ड ईन्भेष्टमेन्ट प्रा.लि. | १,४३,०००/- |
| ९ | २१२-०८०/०९/१८ | चालु | हरी लाल श्रेष्ठ | ७,८५०/- |
| १० | ४६८-०८०/०३/२४ | चालु | होटल दियालो | १,६०,०००/- |
| | | | **जम्मा** | **८६१७३५** |

## ४५ कर्मचारी प्रोत्साहनः

बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ (४) वमोजिम स्थानिय तहका कर्मचारीहरुलाई कार्य सम्पादनामा आधारित प्रोत्साहन भत्ता आन्तरिक श्रोतका आधारमा गर्न सकिने व्यवस्था छ । स्थायी कर्मचारीको प्रोत्साहन कार्यबिधि, २०८० को वुदा नं ३ (२) बमोजिम प्रोत्साहन भत्ता प्रथम अतिरिक्त जिम्मेवारी आफ्नो मुख्य जिम्मेवारीका अतिरिक्त अर्को शाखाको थप जिम्मेवारी वापत ५० अंक, दुई शाखाका अतिरिक्त थप शाखा समेतको कार्य सम्पादन वापत १०० अंक र आफ्नो नियुक्त पद भन्दा माथिल्लो पदको समेत जिम्मेवारीको काम वापत १०० अंक निर्धारण गरेको छ । कार्यविधि बमोजिम सुचक अनुसार प्रमुख प्रशासकीय अधिकृतले सुचक मुल्याङकन गरी प्राप्त गर्ने प्रोत्साहन भत्ताको रकम निर्धारण गर्ने उल्लेख छ । पालिकाले यस वर्ष स्थायी कर्मचारीलाई तलबको ३० प्रतिशत मासिक रुपमा रु.१९६६०००।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । कार्यविधिको सुचक मुल्याङ्कन नगरी सबै कर्मचारीलाई समान रुपले ३० प्रतिशतको दरले प्रोत्साहन भत्ता भुक्तानी गरेकोले अनियमित भएको रु...

| | |
|---|---|
| अनियमित भएको | १९,६६,००० |

## ४६ गाडी भाडाः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम रु.२० लाख भन्दा बढीको जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले व्यक्तिसंग मिति २०८०।०३।०१ गते सम्झौता बमोजिम इन्धन वाहेक मासिक रु.१८००००.०० को दरले भुक्तानी गर्ने गरी सम्झौता गरेको छ । पालिकाले यस वर्ष गाडी भाडा रु.२१६००००.०० भुक्तानी गरेको छ । गाडीको आवश्यकता बमोजिम मासिक रुपमा सधै आवश्यक हुने अवस्थामा भाडामा लिने वा खरिद गर्ने सम्वन्धमा खर्चको प्रभावकारिता अध्ययन गरी खर्च गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावलीले तोकेको सिमा भन्दा बढीको सोझै खरिद गरेकोले अनियमित देखिएको रु-

| | |
|---|---|
| अनियमित भएको | २१,६०,००० |

## ४७ मोटरसाइकल मर्मतः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम बमोजिम चल्ती मेसिन मर्मत गर्नुपर्ने भएमा मर्मत आदेश स्वीकृत गराउने र मर्मत भएको सामानको म.ले.प.फा.नं बमोजिम अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले पदाधिकारीलाई प्रयोग गर्न दिएको सवारीसाधनको निम्नानुसार मर्मत खर्च भुक्तानी गरेकोमा मर्मत अभिलेख राखेको देखिएन।साथै पालिकाले मर्मत संभार सिलिङ नतोकेको र मर्मत गर्दा फेरिएको सामान समेत पेश नगरेकोले मर्मत खर्च रकम पुष्टि गर्ने आधार देखिएन ।

| सि नं | वडा अध्यक्ष | गाडी मर्मत खर्च |
|---|---|---|
| १ | वडा नं १ श्री जिमा बहादुर तामाङ | ८८००० |
| २ | वडा नं २ श्री सन्दविर तामाङ | ६९९४० |
| ३ | वडा नं ३ श्री हरि बहादुर तामाङ | ७२९४३ |
| ४ | वडा नं ४ श्री कमल बहादुर तामाङ | ८१८०० |
| | **जम्मा** | **३१२६८३** |

४८ **विविध कोषः**

विविध तथा प्रकोप कोषमा रकम विनियोजन गर्ने तथा आकस्मिक र भैपरी आउने कार्यको लागि निर्णय गरी खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविध कोषमा भएको रकम विभिन्न नियमित कार्यक्रमको लागि रु.२४९३७२८।०० खर्च गरेको छ । सो सम्बन्धि विवरण देहायअनुसार छ।

| भौचर नं | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| २४ | बाख्रा प्रबर्द्धन कार्यक्रम | २००००० |
| २७ | मिनि ट्रिलर खरिद | ३९०००० |
| २९ | थोपा सिचाई | ६१६११८ |
| ३४ | ५० % अनुदानमा तरकारी विकास कार्यक्रम | ३७५३२५ |
| ३७ | हाते ट्याकटर खरिद | ४१२३०० |
| ४१ | पाईप खरिद | ४९९९८५ |
| | **जम्मा** | **२४९३७२८** |

विविध कोषमा भएको रकम आकस्मिक कार्यमा कार्यविधि तयार गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४९ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता तथा दिवा खर्चः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ मा गरेको परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक तथा दिवा खाजाको रकम शिक्षा निर्देशिकले तोकेको दरमा थप रु.५ समेत रु.९८२३८२५।०० गरेको नियम सम्मत नदेखिएको रु..

| भौचर नं | खर्च विवरण | खर्चको स्रोत | रकम |
|---|---|---|---|
| ८-०८०।६।१० | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक भुक्तानी (२० विद्यालय) | प्रदेश समानिकरण | ४३२२६७ |
| २८-०८०।८।२४ | | | ३३४००० |
| १३-०८०।६।२५ | गाउँपालिका स्तरिय शिक्षक अनुदान (१० विद्यालयमा) | समानिकरण अनुदान | १०००००० |
| २३-०८०।८।७ | दिवा खाजमा पालिकाबाट थप रु.५ भुक्तानी | प्रदेश समानिकारण | १७८१३० |
| २६-०८०।९।१८ | प्रतियोगितामा सहभागी तथा व्यवस्थापन | प्रदेश समानिकरण | ४५००० |
| ४८-०८०।११।४ | गा पा स्तरिय शिक्षक अनुदान (१२) विद्यालय | संघिय समानिकरण | १९००००० |
| ५१-०८०।११।८ | दिवा खाजा | प्रदेश समानिकरण | ९९६८५ |
| ५६-०८०।११।१४ | दिवा खाजा | | १३३०४० |
| ५२-०८०।११।८ | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक भुक्तानी | प्रदेश समानिकरण | ३३०९९३ |
| ५८-०८०।११।१६ | राष्ट्रपत्ति रनिङ शिल्ड खेलकुद | समानिकरण | ५५०००० |
| ६४-०८०।१२।५ | दिवा खाजा | प्रदेश समानिकरण | १२११०५ |
| ७४-०८०।१२।२६ | दिवा खाजा | | २३६६० |
| ८४-०८१।२।२६ | दिवा खाजा | | ७०५२० |
| ९९-०८१।३।१४ | दिवा खाजा | | १२२००५ |
| १०६-०८१।३।१९ | दिवा खाजा | | १३५४२० |
| ८५-०८१।२।२६ | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक भुक्तानी (२० विद्यालय) | | ३३४८००० |
| ९७-०८१।३।१० | | | १०००००० |
| | **जम्मा** | | **९८२३८२५** |

| | |
|---|---|
| अनियमित भएको | ९८,२३,८२५ |

५० **कर्मचारी कल्याण कोष**

म्यागम गाउँपालिकाको कर्मचारी कल्याण कोष नियमावली २०७८ मा कर्मचारी कल्याण कोषमा प्राप्त हुने रकमको आधार तथा खर्च/भुक्तानी सम्वन्धमा उल्लेख गरेको देखिएन । पालिकाले यस वर्ष उक्त कोषमा रु.५०००००।०० रकम ट्रान्सफर गरेको छ । कोषको आम्दानी तथा खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी आम्दानी खर्च गर्नुपर्दछ ।

५१ **लागत सहभागिता** (४४८-२०८१-३-१८):

लघु उधम विकास कार्यक्रम (MEDPA) निर्देशिका २०७७ को दफा ४१ अनुसार उपलब्ध गराउने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने व्वस्था छ । पालिकाले ताम्सालिङ महिला एकता समूहलाई ब्रेकरी मिक्चर, ओभन, डिप्रिज, अफिस टेवल, डा. टेवल, प्लाष्टिक कुर्सी र असिफ स्टिल दराज लगायतका सामग्री रु.३४२२३४।११ को २० प्रतिशत ले हुने रकम रु.६८४४६।०० लागत सहभागिता गरेको प्रमाण नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने रु...

| प्रमाण पेश नगरेको | ६८,४४६ |
|---|---|

५२ **जटिलसंरचना निर्माण –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, पुल, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ४८।२०८०।७।१ | म्यगङ गाउपालिका युवा क्लब भवन निर्माण उपभोक्ता समित | भवन निर्माण | २७२१५११।३४ | २३५०००० |
| ९९।२०८०।११।१३ | फलाटे युवाक्लब भवन निर्माण उ स | भवन निर्माण | १६१३३३।२९ | १३६००० |
| १२८।२०८०।१२।२० | बहुमुर्तिको बुट्टा निर्माण उपभोक्ता समिति | मुर्ति निर्माण | १०९७४०५।५६ | ९४०००० |
| १४६।२०८१।१।१८ | टापेटवल सामुदायिक भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ३४९८६० | २६११९० |
| २५१।२०८१।३।२२ | चिलाउनबास गौरी खोला ट्राष्ट पुल निर्माण उ स | पुल निर्माण | १७५५५१ | १३८५९० |
| २७।२०८१।३।२२ | स्वास्थ्यचौकी भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २२२२६८०६४।३७ | १७१८८२० |

५३ **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १९६।२०८१।३।१७ | सानुखोला मोटरबाटो निर्माण उ स | सडक खन्ने | ३५२५०० | स्काभेटर | २७९६७५ |
| १९८।२०८१।३।१७ | डब्लसडमा कृर्षि सडक निर्माण उ स | सडक खन्ने | १८३९२० | स्काभेटर | १८३९२० |
| २०३।२०८१।३।१७ | खल्चेत पोच्चो सडक निर्माण उ स | सडक खन्ने | १७५००० | जे सी बी | १००३४४ |
| २०७।२०८१।३।१७ | चिउरी भन्ज्याङ वि क बस्ती मन्दीर निर्माण उ स | बाटो खन्ने | ९०२११ | जे सी बी | ९०२११ |
| २३६।२०८१।३।२१ | पोल्चेत कसिङचेत सडक निर्माण उ स | बाटो खन्ने | ९६००० | स्काभेटर | ९६००० |
| २५०।२०८१।३।२२ | भदुवार हुदै महादेवस्थान जाने गोरेटो बाटो निर्माण उ स | सडक खन्ने | १८५३९५ | स्काभेटर | १८५३९५ |
| २५६।२०८१।३।२२ | सिमभन्ज्याङ हुदै माने भन्ज्याङ जोड्ने गोरेटो बाटो उ स | बाटो ख्नने | ७४६६७० | स्काभेटर | ३७९०१३ |
| २१।२०८१।३।१५ | वडा कार्यालय पाचेत मम्बल धादिङ जोड्ने सडक मर्मत उ स | सडक खन्ने | २१६६६०० | स्काभेटर | ५७०००१ |

५४ **सव कन्ट्याक्टरबाट काम गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । त्यस्तै नियम ९७ (१३ क) वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यमा कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा उक्त समितिसंग सम्झौता रद्ध गरी सो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति आफैले गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीबाट काम गरेको आधारमा निर्माण व्यवसायीको बिजक जारी गरी जे सी बी, स्काभेटर प्रयोग गरी सब कन्ट्याक्टरबाट काम गराएको देखियो। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | निर्माण व्यवसायी | विल रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| ११५।२०८०।११।१८ | भन्ज्याङफेदी भन्ज्याङ पुरनपानी सडक उ स | सडक निर्माण | ५०४३२३।७२ | थापाकाजी इनोभेटिभ कन्सट्रक्सन प्रा ली | ५०६५२२।५ | ४४६५०० |
| १३२।२०८०।१२।२७ | सनेन पिमाम्रङ सडक निर्माण उ स | सडक निर्माण | २२२८००।७६ | न्यु कामना कन्सट्रक्सन | ५०६५२२।५ | ४४६५०० |
| १३८।२०८१।१।१० | सालघारी बर्सन्चेत गुम्बाडाँडा जोड्नेसडक निर्माण उ स | सडक निर्माण | ५९८४७१ | मार्क बिल्डर्स प्रा ली | ५३३९२५ | ४१५००० |
| ३।२०८०।१०।२९ | सामरी कल्लाबारी भाँगे दानसिङ जोड्ने सडक स्तरोन्नती | सडक निर्माण | ३२५११४४।५ | म्यागङ कन्सट्रक्सन प्रा ली | २८२०००० | ३२२५५८५ |
| | जम्मा | | | | | ४५३३५८५ |

## ५५ युवाक्लव भवन

युवाक्लब भवन निर्माण गर्न उपभोक्ता समितिमार्फत रु २४००००० र सोहि भवनमा कर्मचारी आवास निर्माण गर्न रु १६९५४७९।४१ समेत जम्मा रु ४०९५४७९।४१ खर्च गरेकोमा देखिएका व्यहोरा देहायअनुसार छन।

५५.१ (२३३-२०८१-३-११):

**कर्मचारी आवासः** पालिकाको स्वामित्वमा रहेको जग्गाको सामुदायिक सस्था म्यगङ युवाक्लब मार्फत भवन निर्माण गरेकोमा उक्त भवनमा कर्मचारी आवासका लागि बोलपत्रको माध्यमबाट रु १६९५४७९।४१ लागतमा निर्माण व्यवसायी श्री सि डब्लु कन्सट्रक्सन प्रा.ली. मार्फत कर्मचारी आवासका लागि भवन थप निर्माण भएकोले उक्त जग्गा पालिकाको स्वामित्वमा भएको र सरकारी लगानीमा भवन निर्माण र आवास निर्माण समेत भएको देखिदा पालिकाले भोग चलन गर्नुपर्ने र सामुदायिक संस्थालाइ भोगचलन र भाडामा दिन मिल्ने देखिदैन।

५५.२ **भवन निर्माण कार्यः** पालिकाको स्वामित्वमा रहेको जग्गामा सामुदायिक संस्थाको भवन निर्माण गर्न मिल्ने कानुनी आधार नभएको हुदा म्यागङ गाउपालिका युवाक्लबलाई उपभोक्ता समित गठन पश्चात रु २७१६७२९।१५ मा सम्झौता गरि याउँपालिकाको अंश रु.२४०००००.०० र उपभोक्ता समितिको अंश रु.३१६७२९।१५ मा भवन निर्माण गरेकोले सरकारी जग्गामा उपभोक्ता समिति मार्फत सामुदायिक संस्थाले भोग चलन गर्ने गरी भवन निर्माण कार्य अनियमित देखिएको रु.-

| | |
|---|---|
| अनियमित भएको | २४,००,००० |

५५.३ **जग्गा भाडाको निर्णयः** पालिकाको स्वामित्वमा रहेको जग्गा गाउँकार्यपालिकाको निर्णयले सामुदायिक संस्थालाई भाडामा दिने कानुनी व्यवस्था छैन।गाउँकार्यपालिकाको मिति २०८१।३।३ को निर्णयले गाउँपालिकाको नाममा जग्गा धनि प्रमाण पुर्जा भएको कि न १९८५को १-३-०-० क्षेत्रफल बराबरको जग्गा म्यगङ गाउपालिका युवाक्लब संग बार्षिक रु.१५०००।०० का दरले सम्झौता गर्ने निर्णय भएको देखियो । अतः भाडामा दिने निर्णय कानुन सम्मत नदेखिदा सम्झौता गर्नु हुदैन ।

## ५६ भेरिएसन नभएको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकेको स्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २ ख भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याइ र कारण खोलि भेरिएसन आदेश जारी गर्नुपर्दछ ।पालिकाले यस वर्ष देहायको खरिद सम्झौतामा केहि आइटम सम्झौता परिमाण भन्दा रु.१९९४४००।०० घटि बढी कार्य सम्पादन गरेकोमा प्राबिधिक पुष्ट्याइ र कारण खोलि भेरिशन आदेश जारि नगरेकोले खर्च अनियमित देखिएको रु.-

| सि न | ठेक्का नं. | निर्माण व्यवसायी | सम्झौता रकम मु अ कर र पि एस समेत | कार्यस्वीकार रकम मुअ कर र पि एस समेत | घटि परिमाण संख्या | बढी परिमाण सङ्ख्या | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/W/2080/81/4 | किस्मत कन्सट्रक्सन | ४४७०७१९ | ४१७६२०५ | ११ | ० | २९४५१४ |
| २ | MRM/MCB/W/2080/81/01 | उइचेन कन्सट्रक्सन | ३५७९१९२ | ३५२३३४६ | ३ | ० | ५५८४६ |
| ३ | MRM/NCB/W/2080/81/06 | डि आर कन्सट्रक्सन | ३२१०२९१ | ३१०२५७७ | ६ | ० | १०७७१४ |
| ४ | MRM/NCB/W/HP/2080/81/11 | तामाङ निर्माण सेवा | ७८६५०४५ | ७६६७३०३ | ८ | ३ | १९७७४२ |
| ५ | MRM/NCB/W/2080/81/3 | उइचेन युनाइटेड जे भि | ८८५८२५३ | ७९९९३७२ | ६ | ४ | ८५८८८१ |
| ६ | MRM/NCB/W/2080/81/5 | उइचेन युनाइटेड जे भि | ९५७८१०३ | ९०९८४०० | ८ | २ | ४७९७०३ |
| जम्मा | | | | | | | १९९४४०० |

| | |
|---|---|
| अनियमित भएको | १९,९४,४०० |

५७ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बिस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ ।त्यसै गरि उपनियम (३क)बमोजिम उपभोक्ता समितिले बिस लाख रुपयाभन्दा बढी मुल्यको निर्माण कार्य गराउदा सम्झौता रकममा विमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरि निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले देहायका निर्माण व्यवसायी र उपभोक्ता समितिमार्फत गराएको निर्माण कार्यमा विमा गरेको देखिएन। अतः बिमा गराइ मात्र निर्माण कार्य गराउनुपर्दछ ।

| **सि न** | **कामको विवरण ठेक्का न** | **निर्माण व्यवसायी /उपभोक्ता समित** | **सम्झौता रकम** |
|---|---|---|---|
| १ | टुडी पार्क निर्माण म्यगङ MRM/NCB/tudi/080-81/16 | डि आर कन्सट्रक्सन बिदुर ४ नुवाकोट | ३४८४५०८।५२ |
| २ | भवन निर्माण | म्यगङ गाउँपालिका युवा क्लब उ स | २७१६७२९।१५ |

५८ **रासन भत्ताः**

क्यम्पमा काम गर्ने वा २४ घण्टे डियूटी भएको कर्मचारीलाई रासन भत्ता दिने व्यवस्थाा वमोजिम आर्मि, पुलिस तथा बन सेवाको कर्मचारीलाई भत्ता दिने व्यवस्था छ । पालिकाले २०८०।३।३१ को करार सम्झौता बमोजिम गाउँप्रहरीलाई मासिक रु.२२०००।०० तलब र रु.६०००।०० रासन भत्ता दिने सम्झौता गरेको छ । पालिकामा रहेको ३ मध्ये एक जना मात्र त्यसतो डियूटी गरेको र वाँकी २ जना १० देखि ४ बजे सम्म अन्य कर्मचारी सरह कार्यालय कामकाज गरेको हाजिरीबाट देखिएकोले निजहरुलाई भुक्तानी भएको रासन भत्ता वापतको रकम रु. १४२५६०.०० अनियमित देखिएको रु.-

| सि नं | नाम, थर तथा पद | मासिक | जम्मा भुक्तानी (कर वाहेक) |
|---|---|---|---|
| १ | सिपाही आइतराम तामाङ | ६००० | ७१२८० |
| २ | सिपाही योना तामाङ | ६००० | ७१२८० |
| **जम्मा** | | | **१४२५६०** |

| अनियमित भएको | १,४२,५६० |
|---|---|

५९ **पदाधिकारी सुविधाः**

स्थानिय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन समेत) बमोजिम अनुसुची १ क मा उल्लेख भए बमोजिम यस बर्ष पदाधिकारी सुविधामा रु.५०१६०००।०० सुविधा वापत भुक्तानी भएको छ। पदाधिकारी सुविधा सम्वन्धमा देखिएको थप व्यहोरा निम्नानुसार रहेको छ ।

५९.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५९.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,८७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,०९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,५६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,४१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६० **पदाधिकारी इन्धन सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ (संशोधन समेत) अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा मात्र दिनुपर्ने व्यवस्था रहेको छ । अध्यक्षले इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउनेमा २५८०.८० लिटर उपलब्ध गराएकाले १६२०.८० लिटर बढी उपलब्ध गराएकोले औषत दर १७० ले रु २७५५३६।०० बढी खर्च भएको देखियो । सो सम्वन्धमा पालिकाले छलफलको क्रममा सो गाडी अतिथि आवतजावतमा र कार्यालय प्रयोजनमा प्रयोग हुने र प्रदेश राजधानी हेटौडा अफिस कामकाजमा बढी जान परेकोले बढी खर्च हुन गएको जनाएको छ ।कार्यालयको काम र अतिथिको लागि प्रयोग हुँदा सोहि प्रयोजनमा खुल्ने गरी लगबुक राख्नुपर्ने र प्रमुख तथा उपप्रमुखले प्रयोग गरेको समयमा अलग लगबुक राखी इन्धन खर्चमा नियन्त्रण हुनुपर्दछ ।

६१ **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छ।

| क्र.स. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १. | सीता माध्यामिक विध्यालय | ९ | ६४ | १:७ |
| २. | सरस्वती मा वि | १३ | २२६ | १:१७ |
| ३. | सलाखु आबि | २ | २२ | १:११ |
| ४. | सिद्धार्थ आ वि | १ | १५ | १:१५ |
| ५. | भूमेदेवी मा वि | १७ | २५७ | १:१५ |
| ६. | बाग भैरुम आ वि | ४ | ८९ | १:२२ |
| ७. | सानु किम्ताङ मा वि | १२ | ३८९ | १:३२ |
| ८. | चन्द्रदेवि आ वि | ६ | १२३ | १:२१ |
| ९. | विन्दुकेशर मावि | १७ | ४१० | १:२४ |
| १०. | बज्र देवी आ वि | ३ | २२ | १:७ |
| ११ | भैरवि देवि आवि | १ | १० | १:१० |
| १२ | चक्रदेवी आवि | १ | ११ | १:११ |
| १३ | धनेश्वरी आ वि | २ | २९ | १:१५ |
| १४ | वैजयन्ति मा वि | ७ | १८७ | १:२७ |
| १५ | देविस्थान आ वि | २ | २४ | १:१२ |
| १६ | राष्ट्रिय आ वि | २ | २६ | १:१३ |
| १७ | सुन्दरा देवि आवि | ३ | ४३ | १:१४ |
| १८ | ग्रामसेवा मा वि | १६ | ३०८ | १:१९ |
| १९ | देउराली मावि | ७ | ३२१ | १:४७ |
| २० | विद्योपार्जन आवि | २ | ४८ | १:२४ |
| | **जम्मा** | **१२७** | **२६२४** | **१:२१** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा २० वटा विद्यालयमा शिक्षक दरबन्दी १२७ रहेकोमा विद्यार्थी संख्या २६२४ रहेको देखिन्छ भनेपालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:२१ रहेको देखिन्छ । विद्यार्थी भर्ना गर्ने र भौगोलिक सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

## ६२ स्यानिटरी प्याड-

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७७९ जना रहेका छन।

पालिकाले १०३०० प्याकेट स्यानिटरी प्याड रु.८१४७३० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा ५२५ मौज्दातमा राखेको देखिन्छ।साथै खरिद गरिएका स्यानिटरी प्याड स्पेशिफिकेशन बमोजिम खरिद भए नभएको स्वीकृती र निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६३ **प्रतिवेदन नभएकोः** (२३५-२०८१-३-१०):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप न ९३ बमोजिम नमुना विद्यालयको शौक्षिक तथा व्यवस्थापकिय योजना कार्यन्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान वितरण गर्दा विद्यालयले सम्पादित कार्यको अद्यावधिक प्रगति प्रतिवेदन स्थानिय तह र मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउनुपर्ने र स्थानिय तहले प्रस्ताब अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष बिन्दकेशर माध्यमिक विद्यालयलाई अनुदान रकम रु. ३००००००।०० निकासा दिएकोमा विद्यालयको आवश्यकताका आधारमा शौक्षिक तथा व्यवस्थापकिय पक्षमा खर्च गरेको बिल भर्पाइ पेश भएपनि नियमित रुपमा विद्यालयले स्थानिय तह र मानव स्रोत विकास केन्द्रमा पठाएको देखिएन भने स्थानिय तहले समेत अनुगमन गरेको प्रतिवेदन लेखापरिक्षणका लागि पेश नभएकोले खर्चको वास्तविक्ता एकिन गर्न सकिएन ।अतः अनुगमन प्रतिवेदन र प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ ।

६४ **औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र सो रकम भन्दा बढीको हकमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले संघीय स्रोतबाट रु २८२१७३१ को औषधी खरिद गरेको देखिन्छ। सो मध्य बोलपत्रको माध्यमबाट रु ७६२७९६ बोलपत्रको दररेटमा सोझै रु.१०५९९०५ .०० र पत्रिकाको दररेटमर्फत रु. ९९९०३०.०० को औषधी तथा औषधिजन्य सामाग्री खरिद गरेको पाइयो। वोलपत्र नगरी सिमा भन्दा बढी एउटै फर्मबाट पटक पटक सोझै खरिद गरेको देखिएकोले प्रतिष्पर्धात्मक बिधिबाट खरिद गर्नुपर्दछ ।

| सि नं | भौ मिति | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७०।०८०।७।२४ | युथ भिजन मेडिसिन डिस्ट्रिव्युसन प्रालि | ९९९०३० | पत्रिकामा प्रकाशित दररेटमा |
| २ | २०३।०८१।२।२४ | गोसाइकुण्ड मेडिसिन सप्लायर्स | ७६२७९६ | बोलपत्र |
| ३ | २३१।०८१।३।६ | गोसाइकुण्ड मेडिसिन सप्लायर्स | १०५९९०५ | सोझै खरिद |
| | जम्मा | | २८२१७३१ | |

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

## ६५ जिन्सी दाखिलाः

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ वमोजिम सरकारी जिन्सी मालसामान प्राप्त भएको सात दिनभित्र यथास्थानमा (PAMS वा जिन्सी खता) दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। कार्यलयले देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा विरामी स्वास्थ्य परिक्षण कार्यक्रममा खरिद गरेको देहायका जिन्सि सामान पाम्समा दाखिला नगरी स्वास्थ्य सेवा विभागले उपलब्ध गराएको जिन्सी प्रणालीमा दाखिला गरेको पालिकाको भनाई छ । उक्त सामान पाम्समा समेत दाखिला गर्नुपर्दछ ।

| भौ।मिति | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति | सामानको नाम | सामानको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| २९।२०८०।२।२० | देउराली प्रथामिक स्वास्थ्य केन्द्रमा विरामी स्वास्थ्य परिक्षण कार्यक्रम | भैरवकुण्ड सप्लायर्स प्रा. लि | Patient monitoring | १ | १६२००० | १६२००० |
| २९।२०८०।२।२० | देउराली प्रथामिक स्वास्थ्य केन्द्रमा विरामी स्वास्थ्य परिक्षण कार्यक्रम | भैरवकुण्ड सप्लायर्स प्रा. लि | Autoclave | १ | १८०० | १८०० |
| जम्मा | | | | | | १६३८०० |

## ६६ न्यानो झोला कार्यक्रम-

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा आ व २०८०।८१ मा २०० थान रु ९०० का दरले जम्मा रु १८००००को खरिद गरेकोमा गत वर्ष ११४ जना र यस वर्ष ३१ जना १४५ प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ६७ तलवी प्रतिवेदन

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ क(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ३०कर्मचारीको रु.१८३६६३९१।४२ तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोछ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ६८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १२.योजना सञ्चालन गरी यस वर्ष ८५ जनालाई औसत ९८।५० दिनले ८३८० दिन रोजगारी उपलव्ध गराई प्रतिव्यक्ती रु ६८८ का दरले जम्मा रु ५७६५४४० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ६९ सामाजिक सुरक्षाः

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ज्योति बिकास बैङ्कमार्फत ६ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम रु.८३२८७७७४.०० मध्ये रु.८३०११४४१.०० वितरण भएकोमा रु.२७६३३३.०० बैङ्कमा बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता भएको देखियो। मौज्दात रकम आर्थिक वर्ष भित्र फिर्ता गरि सक्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : म्यगङ गाउँपालिका, नुवाकोट , म्यगङ गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ramesh Singdan | २०७८-१२-७ | २०८०-९-१८ |
| कार्यालय प्रमुख | नविन गङताङ लामा | २०८०-१०-३ | २०८१-२-३ |
| कार्यालय प्रमुख | कुमार लाल श्रेष्ठ | २०८१-२-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रवेश धिताल | २०७९-६-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३०७,५४५ | २१,८९३,६४८ | २,५७३,३२४.०५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,७७४,५१७.०५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २,७९३,४७६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१,९८१,०४१.०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २८९४६२०२.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २४९१५१९१० | चालु खर्च | २१५५३७९२६.७७ |
| प्रदेश सरकारबाट अनुदान | ५४०४३००० | पूँजीगत खर्च | १२३७६४६५३.३६ |
| राजश्व बाँडफाँट | ७०८५६४८३.६३ | वित्तीय/अन्य व्यवस्था | १५७२०५१३६.९ |
| आन्तरिक आय | ४००२८९८.११ | | |
| अन्य आय | १४५०७४७०३.२ | | |
| कुल आय | ५२३१२८९९४.९४ | कुल खर्च | ४९६५०७७१७.०३ |
| बाँकी मौज्दात | | ५५५६७४८०.४८ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व,अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,२२,६९,४९१.०० | ० | ७,२२,६९,४९१.०० | ७,८५,६७,४५४.६१ | ० | ७,८५,६७,४५४.६१ |
| १३००० | अनुदान | | २७,९३,८४,८७४.३४ | ० | २७,९३,८४,८७४.३४ | ३२,३१,३८,५२६.२२ | ० | ३२,३१,३८,५२६.२२ |
| १४००० | अन्य राजस्व | | २३,९४,२७९.४१ | ० | २३,९४,२७९.४१ | २०,१९,५६५.६७ | ० | २०,१९,५६५.६७ |
| १५००० | विविध प्राप्ति | | २,१४,५५८.०० | ० | २,१४,५५८.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३५,४२,६३,२०२.७५ | | ३५,४२,६३,२०२.७५ | ४०,३७,२५,५४६.५० | | ४०,३७,२५,५४६.५० |
| ३ | चालु | | २१,५५,३७,९२६.७७ | ० | २१,५५,३७,९२६.७७ | २५,९८,०२,०४०.८५ | ० | २५,९८,०२,०४०.८५ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४,२८,६३,९५९.४७ | ० | ४,२८,६३,९५९.४७ | ४,०३,३६,४१८.४४ | ० | ४,०३,३६,४१८.४४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५,०८,१५,०७५.२३ | ० | ५,०८,१५,०७५.२३ | ६,७३,४५,०६६.३४ | ० | ६,७३,४५,०६६.३४ |
| २५००० | सहायता (Subsidy) | | ११,४०,५९,९८२.०७ | ० | ११,४०,५९,९८२.०७ | २२,६२,०००.०० | ० | २२,६२,०००.०० |
| २६००० | अनुदान | | ० | ० | ० | १४,६९,३१,०५६.०७ | ० | १४,६९,३१,०५६.०७ |
| २७००० | सामाजिक सुरक्षा | | ५०,२९,३२७.०० | ० | ५०,२९,३२७.०० | ६,९८,५००.०० | ० | ६,९८,५००.०० |
| २८००० | अन्य खर्च | | २७,६९,५८३.०० | ० | २७,६९,५८३.०० | २२,२९,०००.०० | ० | २२,२९,०००.०० |
| ४ | पूंजीगत | | १२,३७,६४,६५३.३० | ० | १२,३७,६४,६५३.३० | १७,२४,९८,०९३.३७ | ० | १७,२४,९८,०९३.३७ |
| ३१११० | भवन तथा संरचना | | २,८१,५३,४८१.०० | ० | २,८१,५३,४८१.०० | १,५०,०००.०० | ० | १,५०,०००.०० |
| ३११२० | सवारी साधन,मेशिनरी औजार,फर्निचर्स तथा फिक्चर्स | | १५,००,०१०.०० | ० | १५,००,०१०.०० | २५,९१,३६३.०० | ० | २५,९१,३६३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ८३,१०९.०० | ० | ८३,१०९.०० | १२,९७,०००.०० | ० | १२,९७,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११५० | सार्वजनिक निर्माण | | ८,५६,४६,९८६.८६ | ० | ८,५६,४६,९८६.८६ | १६,५७,०७,२३०.३७ | ० | १६,५७,०७,२३०.३७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ८३,८१,०६६.४४ | ० | ८३,८१,०६६.४४ | ९,३०,०००.०० | ० | ९,३०,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ७,४२,५००.०० | ० | ७,४२,५००.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | १०,८०,०००.०० | ० | १०,८०,०००.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३,९३,०२,५८०.०७ | | ३३,९३,०२,५८०.०७ | ४३,२३,००,१३४.२२ | | ४३,२३,००,१३४.२२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,४९,६०,६२२.६८ | | १,४९,६०,६२२.६८ | (२,८५,७४,५८७.७२) | | (२,८५,७४,५८७.७२) |
| घ) | धरौटी,आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (८६,१४,४७८.९५) | | (८६,१४,४७८.९५) | ४५,३१,१४०.०२ | | ४५,३१,१४०.०२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | -३,२४८.७८ | | -३,२४८.७८ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ६३,४६,१४३.७३ | | ६३,४६,१४३.७३ | (२,४०,४३,४४७.७०) | | (२,४०,४३,४४७.७०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,९२,१४,३४७.५३ | | ४,९२,१४,३४७.५३ | ६,४८,७१,८९८.३६ | | ६,४८,७१,८९८.३६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,५५,६०,४९१.२६ | | ५,५५,६०,४९१.२६ | ४,०८,२८,४५०.६६ | | ४,०८,२८,४५०.६६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।